**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख १७ गते**
गण्डकी प्रदेशको नवलपुर, लमजुङ, पर्वत र म्याग्दी जिल्लामा लकडाउनमा कडाइ गरिएको छ । लकडाउन लम्बिएसँगै लकडाउन उल्लङ्घन गर्नेहरूको सङ्ख्या पनि बढ्दै गएको छ । लकडाउन उल्लङ्घन गर्नेहरूलाई प्रहरीले नियन्त्रणमा लिएर दुई घण्टापछि छोड्ने गरेको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार गण्डकी प्रदेशमा वैशाख १७ गते थप ४० जनाको नमूना सङकलन गरी परीक्षणको लागि पठाइएको छ । हालसम्म प्रदेशमा ६ सय २१ जनाको स्वाब परीक्षण गरिएकको छ भने ६ सय १३ जनाको परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ र सात जनाको रिपोर्ट आउन बाँकी रहेको छ । प्रदेशमा वैशाख १७ गते ६८ जना र हालसम्म कुल ५ हजार ४ सय ११ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । कास्की जिल्लामा वैशाख १७ गते सम्म १ हजार ८५ जनाको आरडीटी किटबाट कोरोना परीक्षण गरिएको छ । यसका साथै जिल्लामा १ सय ९३ जनाको पीसीआर प्रविधिबाट कोरोना परीक्षण गरिएको छ ।
पोखरा महानगरपालिका-९ को कृष्ण टोलमा रहेका मजदुरी गर्ने सुकुम्वासी परिवारहरूमा वैशाख १७ गते राहत वितरण गरिएको छ । उनीहरुले आफूहरूलाई राहत वितरणमा विभेद गरिएको भन्दै वैशाख १५ गते पोखरा महानगरपालिकाको गेट अगाडी धर्ना दिएका थिए । टोल विकास संस्थाको समन्वयमा वडाले राहत वितरण गर्ने गरी पोखरा महानगरपालिकाले नीति बनाएको छ । तर राहतमा समेत राजनीतिकरण भएको भन्दै उनीहरूले विरोध जताएका थिए । वडाध्यक्ष रामराज लामिछानेले वडामा १ हजार ९ सय ४५ जनाको राहतका लागि निवेदन परेको थियो । जसमध्ये महानगरपालिकाले छनौट गरेर ६ सय ८८ को नामावली वडालाई उपलब्ध गराइएको थियो । वैशाख १६ गते सर्वदलिय बैठक मार्फत थप एक सय परिवारलाई राहत वितरण गरिने सहमती अनुरूप उनीहरूलाई राहत वितरण गरिएको वडाध्यक्ष लामिछानेले जानकारी दिनुभयो ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार बन्दाबन्दीको कारण रक्तदान कार्यक्रम सञ्चालन नहुँदा दमौली अस्पतालमा सञ्चालन भइरहेको मिर्गौला उपचार केन्द्रमा रगतको अभाव भएको छ । लकडाउनले गर्दा धैरै रक्तदान कार्यक्रम सञ्चालन गर्न नसकिएको र सङकलन गरिएका जति रगतहरु धैरै समयलाई नपुग्ने शत्रुधन मञ्जु मिर्गौला डायलाइसिस केन्द्रका प्रमुख प्रेमसिङ गुरुङले जानकारी दिनुभयो । उहाँले रगतको अभाव हुँदा मिर्गौलाका बिरामीहरूको डायलाइसिस गर्न समस्या भएको बताउनुभयो । उक्त केन्द्रले ६८ जना बिरामीलाई नियमित डायलाइसिस सेवा दिँदै आएको छ । उनीहरूलाई पालैपालो गरी दैनिक २२ देखि बढीमा २४ जना बिरामीको हप्तामा दुई पटकका दरले डायलाइसिस गर्ने व्यवस्था मिलाइएको छ ।
दमौली अस्पतालमा मिर्गौला डायलाइसिसको सेवा सुरूवात भएपछि तनहुँ लगायत गोरखा, लमजुङ, स्याङ्जाबाट आएका बिरामीहरूलाई डायलासिस सेवा प्रदान भइरहेको छ । उक्त केन्द्रमा उपचारको लागि आउने बिरामीहरूलाई औषधि बाहेक डायलाइसिस सेवा निःशुल्क रूपमा प्रदान गरिएको छ ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार काठमाडौमा रहेका गोरखावासीलाई गाउँ फर्काउने स्थानीयतहको तयारी अलमलमा परेको छ । गृह मन्त्रालयले वैशाख १५ गते लकडाउनमा कडाइ गर्ने निर्देशन दिएसँगै स्थानीयतहहरू अलमलमा परेका हुन् । वैशाख १७ गते सिरानचोक गाउँपालिकाले काठमाडौमा अलपत्र परेका तीन सय जनालाई गाउँ ल्याउन काठमाडौ पठाएको बस

गजुरीबाटै प्रहरीले गोरखा फिर्ता गरिदिएको गाउँपालिकाका अध्यक्ष राजु गुरूङले बताउनुभयो । अध्ययन, जागिर र व्यापार व्यवसायको सिलसिलामा काठमाडौमा रहेका र लकडाउनले अलपत्र परेकाहरूलाई गाउँ फर्काउने गाउँपालिकाको योजना थियो । सिरानचोक सहित गोरखा नगरपालिका, वारपाक सुलिकोट गाउँपालिका र शहिद लखन गाउँपालिकाले पनि काठमाडौमा अलपत्र परेकाहरूको उद्धारको तयारी थालेका थिए । यसरी गाउँ फर्कनेको सूची तयार पारेकाहरू अहिले अलमलमा परेका हुन् । वैशाख १४ गते बसेको सर्वपक्षिय बैठकले स्वास्थ्य चेकजाँच गरी सुरक्षा विधि अपनाएर बाहिरी जिल्लामा अलपत्र परेकाहरूलाई उद्धार गर्ने निर्णय गरेको थियो ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सिर्जना पन्तक**का अनुसार बागलुङ जिल्लाको चार ओटा स्थानीयतहहरूले वडाका टोलटोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण सुरू गरेका छन् । यसअघि बैंक मार्फत वितरण गरिँदै आएको भत्ता यसपटक कोरोना सङक्रमणको डरले स्थानीयतहको निर्णयबाट प्रत्येक वडाको टोलटोलमा कर्मचारी पुऱ्याएर वितरण सुरू गरिएको स्थानीयतहका प्रमुखहरूले बताएका छन् ।

ढोरपाटन नगरपालिकाले गत चैत्र ३० गते देखि भत्ता वितरण जारी राखेको छ । हालसम्म नगरका नौ ओटै वडामा वितरण सकिएपनि, विभिन्न वडामा र ढोरपाटनमा रहेका नागरिकहरूलाई वितरण गर्न बाँकी रहेको नगरपालिकाका शिक्षा शाखा अधिकृत कोपिला न्यौपानेले बताउनुभयो । हालसम्म नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता लिने ४ हजार ५ सय ४१ जना मध्ये ३ हजार ६२ जनाले भत्ता बुझिसकेको शिक्षा अधिकृत न्यौपानेले बताउनुभयो ।

यस्तै निसीखोला गाउँपालिकाले पनि वडा तहबाटै भत्ता वितरण सुरू गरेको जनाएको छ । गाउँपालिकाको वडा नम्बर ७ राजकुतबाट वितरण सुरू गरेको स्थानीयतहले हालसम्म ८ सय ८ जनालाई भत्ता बुझाएको प्रभु बैंक झिवाखोला शाखाका प्रबन्धक झक बहादुर क्षेत्रीले बताउनुभयो ।

कोरोना सङक्रमणको जोखिमबाट बच्न हरेक ठाउँमा सामाजिक दुरी कायम राखेर वितरणको व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष तारानाथ पौडेलले बताउनुभयो । यस्तै बडिगाड गाउँपालिकाले पनि वडातहको टोल टोलमै पुगेर भत्ता वितरण गरिसकेको जनाएको छ । गाउँपालिकामा भएका कुल ३ हजार १ सय ४३ जना सामाजिक सुरक्षा भत्ता पाउने नागरिक रहेको भएपनि, कोही बसाइ सराइ गरेका, कोही छुट भएका कारण सबैलाई वितरण गर्न नसकिएको गाउँपालिकाका अध्यक्ष मेहरसिंह पाइजाले बताउनुभयो ।

गाउँ कार्यपालिकाको निर्णय अनुसार वडाप्रतिनिधि र वडा सचिव सहितको टिम बनाएर १० ओटै वडाको टोल टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता तथा कोरोना सङक्रमण न्यूनीकरण गर्न सरकारले गरेको लकडाउनको प्रत्यक्ष मारमा परेका श्रमिक, गरिब तथा असाह्य घरपरिवारलाई खाद्यन्न समेत वितरण गरिएको अध्यक्ष पाइजाले बताउनुभएको छ । उहाँले गाउँपालिकाले पहलो चरणको राहत वितरण अन्तरगत ५ सय ८४ घर परिवारलाई खाद्यन्न वितरण गरेको बताउनुभयो ।

तमानखोलामा भने प्रभु बैंकले भत्ता वितरण गरिरहेको छ । तमानखोलामा १ हजार ८ सय ३१ जनाले सामाजिक सुरक्षा भत्ता पाउनेछन् ।

कोरोना भाइरस रोकथामका लागि बागलुङमा पहिलो पटक खुट्टाले चलाएर हात धुन मिल्ने सामग्री ( फुड अप्रेड ह्यान्ड वास मेसिन ) निर्माण गरिएको छ । प्रोग्रेसिभ ईन्जिनियर एशोसिएसन नेपाल बागलुङ जिल्ला समितिको नेतृत्व र धौलागिरी क्षेत्रका ईन्जिनियरहरूको विशेष सहयोगमा निर्माण गरिएको हात धुने सामग्री वैशाख १७ गते जिल्ला प्रहरी कार्यालय बागलुङलाई हस्तान्तरण गरिएको छ । हातले खोल्ने र बन्द गर्ने धारोबाट सङक्रमण हुन सक्ने भन्दै खुट्टाले थिचेर पानी र साबुन खस्ने धारो निर्माण

गरिएको प्रोग्रेसिभ ईन्जिनियर एशोसिएसन नेपाल बागलुङ जिल्ला समितिका अध्यक्ष ईन्जिनियर विमल आचार्यले जानकारी दिनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**काअनुसार जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले सवारी पासमा कडाइ गरेपछि काठमाडौं र पोखरामा रहेका स्थानीयहरूलाई घर फिर्ता ल्याउने तयारी गरेका विभिन्न स्थानीयतह र सङ्घ संङगठनले घर फिर्ता ल्याउने कार्यक्रम रोकेको छन् । काठमाडौंबाट यात्रुहरू बाहिरने क्रम बढेपछि गृह मन्त्रालयले परिपत्र जारी गर्दै त्यसरी आउने सवारी साधनको प्रवेशमा रोक लगाएको थियो । वैशाख १७ गते काठमाडौं र पोखराबाट घर फर्कन चहाने स्थानीयहरूलाई लिन काठमाडौं सवारी पठाउने कावासोती नगरपालिकाले तयारी गरेको थियो । घर फिर्ता हुन चाहनेहरूको नामावली सङकलन भइ अन्तिम चरणमा प्रशासन कार्यालयबाट सवारी पास अनुमती माग गरेको र पास नपाएको कारण काठमाडौंमा रहेका विद्यार्थीलाई उद्धार गर्न असमर्थ भएको अनेरास्ववियु नवलपुरका संयोजक ठाकुर पराजुलीले बताउनुभयो । जिल्लाबाट अध्ययनको लागि काठमाडौं गएका विद्यार्थीहरूले समस्या भोग्नु नपरोस् भनेर उद्धारको तयारी गरेको उहाँले जानकारी दिनुभयो ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार पर्वतमा केही दिन अघि भारतबाट आएका केही व्यक्तिहरूको सम्पर्कमा रहेका फलेवास नगरपालिका-३ का एक दम्पत्तीलाई ज्वँरो र खोकी जस्ता लक्षण देखिएपछि पर्वतको अस्थायी कोरोना अस्पतालमा रहेको आइसोलेशनमा राखिएको पर्वत जिल्ला अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. शिशिर देवकोटाले जानकारी दिनुभयो । उनीहरूको पीसीआर प्रविधिबाट कोरोना परीक्षण गर्नका लागि स्वाब सङकलन गरी पोखरा पठाइएको र उनीहरूको रिपोर्ट आउन बाँकी रहेको डा. देवकोटाले बताउनुभयो ।
पर्वत जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी दिपक पौडेलले तराई क्षेत्रबाट भित्रिएकाहरूलाई स्थानीयतहहरूमा बनाइएको क्वारेण्टाइनमा र अन्य जिल्लाबाट भित्रिएकाहरूलाई होम क्वारेण्टाइनमा बस्न आग्रह गरिएको बताउनुभयो । उहाँले सोहि अनुसार स्थानीयतहहरूले यसका लागि व्यवस्थापन गरेको बताउनुभयो ।
पर्वत अस्पतालका विशेषज्ञ डाक्टर विष्णु भण्डारी पनि अब होम क्वारेन्टाईनमा बस्ने बाहेक अन्य विकल्प नभएको बताउनुभयो । गाउँमा स्वास्थ्यकर्मी समेत सङक्रमित हुने जोखिम बढेको कारण सानो स्वास्थ्य समस्यामा स्वास्थ्य संस्था नजान उहाँले आग्रह गरेका छन् । पर्वतमा ३ सय ५० जनाको क्षमताको क्वारेण्टाइन बनाइए पनि प्रभावकारी बन्न सकेको छैन ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृत प्रसाद पौडेल**का अनुसार वैशाख १७ गते म्याग्दी प्रवेश गर्ने मुख्य नाका बेनी बजारको कालिपुलमा सेनेटाइजर टनेल निर्माण गरी सञ्चालन गरिएको छ । वैशाख १७ गते बाट म्याग्दी प्रवेश गर्नेलाई सेनेटाइज टनेल प्रवेश गरेर मात्रै जिल्ला प्रवेश गराउन थालिएको छ । म्याग्दी प्रवासी नेपाली सङघ(मोना) मकाउ र लायन्स क्लब अफ बेनी पिस सिटीको १ लाख १० हजार रूपियाँको लागतमा सेनेटाइजर टनेल निर्माण गरिएको छ ।

.

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार लमजुङमा दिनभर बाहिरबाट आवातजावत गर्नेहरूलाई कडाइ गरिएपनि रातमा सवारी साधनहरू चलेको स्थानीय व्यवसायी विमल श्रेष्ठले बताउनुभयो । कोरोनाको सङक्रमण देखिएको विरगञ्जबाट रातको समयमा माल ढुवानी गर्ने

सवारी साधनहरूलाई जिल्ला भित्रन दिएपछि कोरोनाको सङक्रमण देखिनसक्ने सम्भावना रहेको श्रेष्ठको भनाइ छ ।

**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**